# बाह्रबिसे नगपालिकाको १३ औं नगर सभामा

## २०८० असार ९ गते शनिवार

## बाह्रबिसे नगरपालिकाका प्रमुख श्री बालकृष्ण बस्नेतले

## प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

# बाह्रविसे नगरपालिका
## आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

**"हामी सबैको चाहना, सुन्दर, शान्त र सफा नगरको परिकल्पना"**

बाह्रबिसे नगरपालिकाको १३ औं नगरसभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथि नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय मोहनबहादुर बस्नेतज्यू, विशिष्ट अतिथि, बागमती प्रदेश, वन तथा वातावरण मन्त्री माननीय मसिना खड्का भण्डारीज्यू, जिल्ला समन्वय समितिको प्रमुख श्री बालकृष्ण श्रेष्ठज्यू, नगरसभा सदस्यज्यूहरु, आमन्त्रित सम्पूर्ण अतिथिज्यूहरु, संचारकर्मी मित्रहरु तथा यस नगर सभालाई भव्य र सभ्य ढंगले सम्पन्न गर्नु पाल्नु भएका सम्वद्ध सम्पूर्ण महानुभावहरुमा हार्दिक नमस्कार । आज मिति २०८० असार ०९ गते शनिबारका दिन संघीय गणतन्त्र नेपालको स्थानीय तहको दोश्रो एवं आवधिक निर्वाचनबाट गठन भएको बाह्रबिसे नगरपालिकाको तेश्रो नगरसभा तथा यस नगरपालिकाको १३ औं नगरसभामा हामी उपस्थित भएका छौं । यस सुखद् पृष्ठभूमिमा नगरसभाको यस बैठकलाई आज सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ ।

यस अवसरमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान र लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतन्त्र प्राप्तिको आन्दोलनमा नेतृत्व र बलिदान गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीबाट जननिर्वाचित स्थानीय सरकारले जनताको चाहाना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रवाह गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित रहि दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने आधार प्राप्त भएको छ ।

आर्थिक संकट, कोभिड-१९, बाढि पहिरो, भुकम्प जस्ता महामारीहरुबाट हामी भर्खरै मात्र तग्रिने अवस्थामा छौं । यस्ता विपद्को घडीमा जनताको जिउज्यान र जनधनको सुरक्षाको लागि "पहिला जनता बचाऔं अनि राजनीति गरौंला" भन्ने भावले नागरिकको पीर मर्कामा सधैंभरी नागरिक सँगै रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

बाह्रबिसे नगरपालिका बाढि, पहिरो लगायत विपदको उच्च जोखिम क्षेत्र हो । विपद व्यवस्थापनको लागि नगरको स्रोत र साधनले सम्भव भए सम्म व्यवस्थापन गरिनेछ र थप सहयोगको लागि संघ तथा प्रदेशमा समन्वय गरिनेछ ।

शिक्षा नागरिकको संविधान प्रदत मौलिक हकसँग जोडिएको विषय हुनुको साथै दिगो विकासका लक्ष्य हासिलसँग समेत जोडिएको छ । अतः शिक्षा क्षेत्रको विकासको लागि १२ कक्षा सम्म निःशुल्क अध्ययन, अध्यापन र कक्षा ८ सम्म विद्यार्थीका लागि निःशुल्क दिवा खाजाको व्यवस्था गरिएको कार्यलाई निरन्तरता दिएको छु । साथै स्नातक तह सम्मको शिक्षा समेत निःशुल्क बनाउने विषयमा विज्ञ समूह गठन गरी गृहकार्य भई रहेको कुरा अवगत गराउन चाहन्छु ।

नगरपालिकाबाट संचालन हुने एम्बुलेन्स नगर भित्रका विरामीहरुलाई आगामी आ.व बाट निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाएको छु । साथै नगरपालिकाबाट संचालन हुने सव-वाहन लाई क्षेत्र नं. १ का सवै पालिका भित्र निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

कृषि, सडक, सहकारी र पर्यटन क्षेत्रलाई बाह्रबिसे नगरपालिकाको विकासको सम्वाहक क्षेत्रको रुपमा पहिचान गरिएको छ । नगरपालिकालाई विकास र सुशासन युक्त नगरको रुपमा पहिचान गराउन विकासका संवाहकहरुमा लागानी केन्द्रित गरिनेछ । शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग र बजारलाई रोजगारीसँग आबद्ध गर्दै आत्मनिर्भर नगर निर्माणमा जोड दिएको छु ।

आर्थिक संकट, कोभिड-१९ को महामारी, बाढी, पहिरोको कारण व्यवसाय बन्द भएका, रोजगारी गुमेका तथा बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउनको लागि विशेष कार्यक्रमहरु अगाडि बढाएको छु ।

कृषि आर्थिक समृद्धिको सम्बाहक हो । कृषिमा आत्मनिर्भर बनाउनको लागि जनतासँग नगर प्रमुख कार्यक्रमबाट करिव ९०० हल गोरु पाल्ने कृषकलाई जनही रु १००००।- को दरले अनुदान तथा कृषक र गोरुको विमा कार्यक्रम सम्पन्न भएको कुरा अवगत गराउन चाहन्छु । उक्त कार्यक्रम अन्तर्गत कृषिको पकेट क्षेत्र निर्धारण, कृषि क्षेत्रको बजारीकरण गरी उत्पादित कृषि उपजको बजार व्यवस्थापन गर्ने तथा संकलनको लागि कृषि एम्बुलेन्स तथा चिस्यान केन्द्र निर्माणको लागि व्यवस्था गरिनेछ ।

नगरपालिका भित्र जमघट हुने केही सार्वजनिक स्थानमा सार्वजनिक शौचालयको निर्माण सम्पन्न भएको र अन्य आवश्यक ठाउँमा शौचालय निर्माण तथा व्यवस्थापनको लागि कार्यक्रमको व्यवस्था गरेको छु ।

खेलकुदको माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नगरको पहिचान गर्न बाह्रविसे नगरपालिका भित्र स्वीमिङ पुल निर्माण, सार्वजनिक व्यायाम स्थल निर्माण कार्य सम्पन्न भएको र अन्य आवश्यक ठाउँमा मागका आधारमा निर्माण गरिदै लैजाने व्यवस्था मिलाएको छु ।

नगर भित्र रहेका बजार क्षेत्रको सुरक्षा व्यवस्थापनको लागि विशेष कार्यक्रमको व्यवस्था गरेको छु ।

गुणस्तरीय शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपालन, पूर्वाधार निर्माण, मानव पूँजी निर्माण, उद्यमशीलता विकास, रोजगारी सिर्जना, हरित अर्थतन्त्र, पर्यावरणीय सन्तुलन, विपद् व्यवस्थापन र सुशासनलाई केन्द्र विन्दुमा राख्दै गरिवी न्यनीकरण गरी दिगो विकासका लक्ष्य हासिल गर्ने दिशामा नीतिहरु परिलक्षित गरेको छु ।

अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापन सहज बनाउन नगरले आवश्यक व्यवस्था गरेको छ ।

दलित, जनजाती, अल्पसंख्यक समुदायको उत्थान तथा क्षमता विकासको लागि आवश्यक कार्यक्रमको व्यवस्था गरेको छु ।

जेष्ठ नागरिकहरुको योगदानलाई सम्मान गर्दै उहाँहरुको अनुभवलाई राष्ट्रिय विकासमा योगदान गर्ने गरी नगरस्तरीय जेष्ठ नागरिक सभा गठन गरी आवश्यक कार्यक्रमको समेत व्यवस्था गरेको छु ।

दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु अनुरुप महिला सशक्तीकरणका विशेष कार्यक्रमको व्यवस्था गरेको छु ।

नगरपालिकाको सम्पूर्ण क्षेत्रको तथ्याङ्क अध्यावधिक गर्नको लागि डिजिटल ई-प्रोफाइल तयारी कार्यक्रमको व्यवस्था मिलाइएको छु ।

कार्य सम्पादन मूल्यांकनको आधारमा एक उत्कृष्ट (वडाबाट १ र नगरबाट १) कर्मचारीलाई सम्मान गर्ने व्यवस्था मिलाएको छु । साथै नगर भित्रका विभिन्न प्रकोप तथा जोखिममा कार्य गर्ने कर्मचारीहरुलाई जीवन वीमाको व्यवस्था मिलाएको छु ।

बाह्रविसे नगरपालिकालाई सर्वोत्कृष्ट नगरपालिका बनाउनको लागि आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा नगरबासीको आवश्यकता र चाहनालाई सम्बोधन गर्ने गरी नीति तय गरिएको छ । नीति तथा कार्यक्रमलाई कृषि तथा पशुपालन, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, खानेपानी तथा सरसफाई र

सिंचाई, युवा तथा खेलकुद, वन वातावरण तथा भू-संरक्षण, महिला तथा बालबालिका, आर्थिक विकास, राजश्व संकलन र परिचालन, सुशासन तथा सेवा प्रवाह, सरकारी तथा गैर सरकारी निकायसँग समन्वय, न्याय सम्पादन, विपद व्यवस्थापन, विद्युतिकरण तथा वैकल्पिक उर्जा र सुरक्षित वैदेशिक रोजगार (सामी) शिषर्कमा वर्गिकरण गरी विस्तृत रुपमा स्पष्ट दिशानिर्देश हुने र कार्यान्वयनमा समेत सहजता हुने गरी तयार गरी प्रस्तुत गरेको छु ।

**नगरसभामा उपस्थित सदस्यज्यूहरु,**

**म बाह्रविसे नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा अख्तियार गर्ने नीति तथा कार्यक्रमहरुलाई प्रस्तुत** गर्दछु ।

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| कृषि तथा पशुपालन | (१) 'एक वडा एक फलफूल/तरकारी पकेट कार्यक्रम' संचालन गर्न कृषकहरुलाई प्रोत्साहन र प्राविधिक सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।<br>(२) हिमाली आलूको उत्पादन बढाउदै पकेट क्षेत्र निर्धारण गरी प्रोत्साहन र बजारीकरण गरिनेछ ।<br>(३) कृषि उपजको संकलन तथा प्रशोधन गरी बजारसम्म पुऱ्याउनको लागि कृषि एम्बुलेन्सको व्यवस्थापन गरिनेछ ।<br>(४) कृषि उपजलाई बजार सम्मको पहूँच विस्तारमा उपयोग हुने गरी नगरस्तरीय चिस्यान केन्द्र निर्माण र संचालन गर्न अध्ययन गरिनेछ ।<br>(५) प्रत्येक वडामा तरकारी/फलफूल संकलन केन्द्र स्थापना गरी बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ ।<br>(६) वन, जंगलमा खेर गई रहेका औषधीजन्य विशेषता भएको जडिबुटीको संरक्षण, संकलन तथा बजारीकरण गरिनेछ ।<br>(७) स्थानीय रैथाने बाली संरक्षण तथा वीउमा आत्मानिर्भरता बढाई वीउ विजन र प्राविधिक सहयोग प्रदान गरिनेछ ।<br>(८) माटो परीक्षण र संरक्षण गर्न प्राङ्गारिक मल र खेती विस्तारमा जोड दिइनेछ ।<br>(९) निर्वाहमूखी खेतीबाट व्यवसायिक खेती तर्फ प्रेरित गर्न आवश्यकतामा आधारित खेती प्रणालीमा जोड दिइनेछ ।<br>(१०) माछापालन कार्यक्रमलाई प्रोत्साहन गरी बाह्रबिसेको पहिचान पुनःस्थापना गरिनेछ ।<br>(११) चौंरी संरक्षण कार्यक्रम संचालन गरी चौंरीजन्य उत्पादनहरुलाई बजारीकरण र प्रवर्द्धन गरिनेछ ।<br>(१२) नश्ल सुधार कार्यक्रम संचालन गरी उन्नत जातका पशुपन्छी उत्पादन तथा प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।<br>(१३) भेडा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम लाई ऊन, राडी, पाखी, गलैंचा उत्पादन जस्ता लधु उद्यमसँग आवद्ध गरिनेछ ।<br>(१४) मासु तथा डेरी जन्य उत्पादनमा आत्मनिर्भर बनाइनेछ । |

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | (१५) रासायनिक मललाई निरुसाहित गर्दै कृषकहरुलाई प्राङगारिक खेती तर्फ आकर्षित गर्ने व्यवस्था मिलाइनेछ । |
| | (१६) सार्वजनिक तथा निजी बाँझो जमिन उपयोग गर्दै फलफूल तथा घाँस वृक्षारोपण गरी जंगली जनावरहरुलाई प्राकृतिक रुपलेनै नियन्त्रण गरी पशुपालन व्यवसाय गर्न दिर्घकालीन रणनीति तयार गरिनेछ । |
| | (१७) चीज उद्योग संचालन गर्नका लागि नगरपालिकाबाट अनुदान उपलब्ध गराइनछ । |
| | (१८) कृषि मेला प्रर्दशनीको व्यवस्थापन गरिनेछ । |
| | (१९) बाह्रबिसे नगरपालिकालाई भोटेकुकुर उत्पादन तथा निर्यात क्षेत्रको रुपमा विकास गरिनेछ । |
| शिक्षा | (१) आ.व २०७९/०८० मा घोषण भई कार्यान्वयनमा रहेको ० देखि १२ कक्षा सम्म निःशुल्क शिक्षालाई निरन्तता दिइनेछ । |
| | (२) स्नातक तह सम्मको अध्ययनलाई निःशुल्क गर्न नगरपालिकाबाट समिति गठन गरी सम्भाव्यत्तता अध्ययन गरिनेछ । |
| | (३) निःशुल्क शिक्षामा नगरको तर्फबाट भएको खर्चलाई व्यवस्थित गर्न समिति गठन गरी अनुगमन र प्रतिवेदन गर्ने व्यवस्था मिलाइनेछ । |
| | (४) गत आ.व मा ० देखि ८ कक्षा सम्म भएको दिवा खाजालाई निरन्तरता दिइनेछ । |
| | (५) सबै विद्यालयहरुमा ब्रोडव्यान्ड इन्टरनेट सुविधा समेत पुगिसकेको हुँदा प्रविधियुक्त शिक्षा (STEAM) मा जोड दिइनेछ । |
| | (६) विद्यालयहरुमा शिक्षक नियुक्ति र व्यवस्थापनलाई पारदर्शी बनाइनेछ । |
| | (७) सबै सामुदायिक विद्यालयहरुको वेवसाइट तथा ई-लाईबेरीको व्यवस्थापन गरिनेछ । |
| | (८) एक विद्यालयबाट अर्को विद्यालयको दुरी नजिक भएकालाई समायोजनन गरिनेछ । |
| | (९) स्थानीय पाठ्यक्रम निर्माण भई सकेको हुँदा सो को कार्यान्वयन गर्ने तथा ० देखि ५ सम्म अङ्ग्रेजी माध्यमबाट पठन पाठन गर्ने कार्यलाई प्राथमिकता पूर्वक व्यवस्था मिलाइनेछ । |
| | (१०) प्रत्येक विद्यालयमा निःशुल्क सेनेटरी प्याड र डिस्पोजेवेयवल मेसिन सहितको व्यवस्थापन गरिनेछ । |
| | (११) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्र.अ. तथा शिक्षकहरुलाई क्षमता विकासका लागि तालिमको व्यवस्था गरिनेछ । |
| | (१२) सिकाइ उपलब्धीको आधारमा S.E.E र कक्षा १२ मा अध्ययापन गर्ने विषयगत उत्कृष्ट शिक्षक तथा उत्कृष्ट छात्रछात्रालाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ । |
| | (१३) नगर भित्र शिक्षाका विभिन्न विषयहरुमा अनुसन्धान गर्नको लागि स्नातक अध्ययनरत विद्यार्थी तथा शिक्षकहरुलाई समावेश गर्ने कार्यक्रम ल्याइनेछ । |
| स्वास्थ्य | (१) बाह्रविसे नगरपालिका भित्र २५ शैयाको क्षेत्रीय अस्पताल निर्माण गरिनेछ । |
| | (२) नगरपालिकाका सम्पूर्ण बच्चाहलाई नेपाल सरकारले तोके बमोजिमका सम्पुर्ण खोपहरु पुरा गराई पुर्णखोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाइ निरन्तता दिइनेछ । |

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | (३) संस्थागत सुत्केरी तथा सुरक्षित प्रसुती सेवालाइ बढ्वा दिन सुत्केरी यातायात खर्च कार्यक्रमलाई निरन्तरता दिइनेछ ।<br>(४) स्वास्थ्य वीमा कार्यक्रममा कमश नगरबासीहरुको पहूँच स्थापित गरिनेछ ।<br>(५) असक्त, अपाङ्ग, दलित, अल्पसंख्यत आदि विशेष समूहलाई आवश्यकताको आधारमा निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ ।<br>(६) सवै स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुसारको कर्मचारीहरु व्यवस्थापन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिने छ ।<br>(७) महामारीजन्य रोगहरुको नियन्त्रण रोकथाम तथा व्यवस्थापन कोषको स्थापना र संचालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>(८) नगर भित्रका सार्वजनिक संस्थाहरुमा क्रमशः स्तनपान कक्ष निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।<br>(९) नागरीक आरोग्य सेवा केन्द्रको क्षमता अभिवृद्धि गर्दै नागरिकको पहूँच विस्तार गरिनेछ ।<br>(१०) नगरभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट नर्सने रोगहरुको सिकिनिङ गरी नसर्ने रोगहरुको समयमै पहिचन र व्यवस्थापन गरिनेछ ।<br>(११) महिला स्वास्थ्य स्यमंसेवीकाको कार्यलाई प्रोत्साहन गर्दै दिइदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ । |
| पूर्वाधार विकास | (१) नगरपालिकाको प्रशासकीय भवनको लागि आवश्यक पर्ने जग्गा प्राप्ति गरी भवन निर्माण कार्य संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सम्पन्न गरिनेछ ।<br>(२) सम्पन्न हुन बाँकी रहेका वडा कार्यालय भवनहरु निर्माण गरी सोही वडा कार्यायलबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।<br>(३) भू-उपयोग नीति अनुसार नगरपालिकाको सडकलाई क्रमशः ग्राभेल हुँदै कालेपत्रे गर्न संघ र प्रदेश सरकार सँग समन्वय गरिनेछ ।<br>(४) विपदजन्य घटनाबाट पीडित स्थानीय बासिन्दालाई बस्ती स्थानान्तरण गरी नक्सा पास सहित घर निर्माण गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।<br>(५) स्थानीय कृषि सडकलाई क्रमशः सुधार गरिदै लगिनेछ ।<br>(६) भवन निर्माण इजाजत-पत्र तथा नक्शापास कार्यलाई अनिवार्य गर्दै भवन निर्माण मापदण्ड लागू गरिनेछ ।<br>(७) नगर यातायात व्यवस्थापन कार्य योजना तर्जुमा गरी अव्यवस्थित सवारी साधन पार्किङ्गको समस्या समाधान गरिनेछ ।<br>(८) पुराना सम्पन्न भई सकेको र नक्शापासको प्रकृयामा नआएका भवनको नक्शापास प्रकृयालाई तिव्रता दिइनेछ ।<br>(९) बा.न.पा ४ अंगेरीपाखालाई विकासे डाँडामा रुपान्नरण गर्न एकीकृत विकास पूर्वाधार तयार गरिनेछ । |
| खानेपानी तथा सरसफाई र सिँचाइ | (१) खानेपानीका प्राकृतिक मुहानहरुलाई संरक्षण गर्दै समुदायमा आधारित खानेपानी उपभोक्ता समितिहरु निर्माण गरी कार्यान्वयन गरिनेछ । |

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | (२) एक घर एक धाराको कार्यक्रम मार्फत नागरिकहरुमा स्वच्छ खानेपानीको पहुँच स्थापित गरिनेछ । |
| | (३) नगरपालिका अन्तर्गतका कार्यालयहरुमा स्यानेटरी प्याडको पहुँच विस्तार गर्न भेन्डिङ मेसिन संचालनलाई निरन्तरता दिइनेछ । |
| | (४) नगरबाट उत्पादित फोहोरमैला जन्य वस्तुहरुको प्रभावकारी व्यवस्थापन गर्न उपयुक्त स्थान छनोट गरी ल्याड फिल्ड साईटको स्थापना गरिनेछ । |
| | (५) खेतियोग्य जमिनहरुमा आवश्यक सिंचाई व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ । |
| युवा तथा खेलकुद | (१) युवाहरुलाई खेल नियमिता तथा निरन्तरतामा प्रोत्साहन गरिनेछ । |
| | (२) नगरस्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ । |
| | (३) खेलकुद क्लब तथा समितिहरु विस्तारलाई प्राथमिकता दिइनेछ । |
| | (४) खेलकुद पूर्वाधारहरुको विकास तथा विस्तारको नीति लिइनेछ । |
| | (५) युवा तथा सरोकारवालाहरुसँगको सम्बन्ध सुदृढ गर्न विभिन्न मैत्रीपूर्ण खेलकुदहरुको आयोजना गरिनेछ । |
| | (६) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा युवा खेलाडीहरुको सहभागितालाई प्रोत्साहन गरिनेछ । |
| | (७) विभिन्न प्रतियोगितामा अव्बल स्थान प्राप्त गर्ने खेलाडीहरुलाई प्रोत्साहित गर्न सम्मान गरिनेछ । |
| वन, वातावरण तथा भू-संरक्षण | (१) कृषि नर्सरीको लागि जग्गा प्राप्ति तथा सम्पन्न गरी नर्सरी संचालन गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ । |
| | (२) मिनि चिडियाखानाका लागि जग्गा प्राप्ति तथा डिपिआर तयार गरी प्रदेश सरकार सँगको समन्वयमा संचालन गरिनेछ । |
| | (३) संघ तथा प्रदेश सरकारसँग सहकार्य गरी नगरपालिकाको भूक्षय गएका स्थानहरुमा वृक्षारोपण कार्य अगाडि बढाइनेछ । |
| | (४) वन संरक्षण र भू-क्षय नियन्त्रणको लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी वायो इन्जिनियरिङ प्रविधिको आधारमा कार्यक्रम संचालन गरिनेछ । |
| | (५) जलवायु परिवर्तको असर तथा प्रभावहरु न्यनीकरण गर्न तीनै तहको समन्वयमा कार्यक्रम संचालन गरिनेछ । |
| | (६) नगरस्थित सरकारी कार्यालयहरुको भवन निर्माण गर्दा स्वदेशी काठको अनिर्वाय प्रयोग गर्नुपर्ने र कार्यालय प्रयोजनको लागि स्वदेशी काठबाट निर्मित फर्निचरहरुको अनिवार्य प्रयोग गर्ने नीति लिइनेछ । |
| | (७) दाउराको खपत कम गर्न तथा वन जंगलको संरक्षण गर्न प्रदेशसँग सहकार्यमा विपन्न समुदायलाई लागत अनुदानको आधारमा सुधारिएको चुल्हो (ग्रिन वे स्मार्ट स्टोभ) प्रदान गरिनेछ । |
| महिला तथा वालवालिका | (१) लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गरी घरेलु हिंसा, बहुविवाह, बोक्सी, दाइजो जस्ता सामाजिक कुप्रथा एवं अपराध नियन्त्रण तथा न्यूनीकरण गर्दै लगिनेछ । |

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | (२) सीप विकास तथा क्षमता अभिवृद्धि तालिम मार्फत महिलाहरुलाई आत्मनिर्भर तथा उद्यमी बनाउने प्रयत्न गरिनेछ । <br> (३) लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई जोड दिदै अपाङ्ग लक्षित कार्यक्रम संचालन गरिनेछ । <br> (४) जेष्ठ नागरिकहरुको सिकाई तथा अनुभवलाई सम्मान एवं अनुकरण गर्दै, सो बाट प्राप्त ज्ञानलाई नगर विकासमा उपयोग गरिनेछ । <br> (५) विपन्न, असक्त, अपांग जेष्ठ नागरिकको लागि आर्थिक सहयोग उपलब्ध गरिनेछ । <br> (६) महिला तथा बालबालिका सम्बन्धित विभिन्न दिवसीय कार्यक्रम संचालन गरी सचेतना अभिवृद्धि गरिनेछ । |
| आर्थिक विकास | (१) उद्यमशीलता विकास र कृषि प्रवर्द्धनमा सहकारीको भूमिका बढाइनेछ, <br> (२) वित्तीय पहूँच विस्तार र आर्थिक सामाजिक समावेशीकरणमा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ, <br> (३) रैथाने बस्तीहरुमा पाहुना घरको निर्माण, पहिचान र विकास गरी सूचना तथा संचार प्रविधिको प्रयोग मार्फत प्रचार-प्रसार गरिनेछ । <br> (४) स्थानीय लघु उद्यमीलाई प्रोत्साहित गर्न नविन प्रविधि हस्तान्नतरण गरिनेछ । <br> (५) स्लेट, ढुङ्गा आदि उद्योगको उत्खन्न क्षमता बढाई व्यवस्थित तुल्याइनेछ । |
| रावश्व संकलन र परिचालन | (१) राजश्वका नयाँ आयमहरुको पहिचान गरी करको दायर विस्तार गरिनेछ । <br> (२) राजश्व प्रणालीलाई आधुनिकीरण गरी विद्युतीय सुशासन कायम गर्ने व्यवस्था मिलाइनेछ । <br> (३) नगरपालिकामा दर्ता र सूचिकृत भएका व्यवसायीहरुको सामुहिक वीमाको व्यवस्थापन गरिनेछ । <br> (४) खरिदका प्रकृयालाई पारदर्शितता बनाउन ई-विडिङ प्रणाली अवलम्बन गरिनेछ । <br> (५) निजि क्षेत्र समेतको सहकार्यमा बजार अनुगमनलाई तीव्र पारी राजश्व चुहावट न्यूनीकरण गरिनेछ । <br> (६) आन्तरिक उत्पादनमा वृद्धि गरी राजश्वका दायरा बढाइनेछ । |
| सुशासन तथा सेवा प्रवाह | (१) E-Governance & Open Governance को अवधारण अनुरुप नगरपालिकाबाट उपलब्ध गराउने सेवा, सुविधा चुस्त दुरुस्त पार्दै सहभागितामूलक निर्णय प्रकृयाको अवलम्बन गरी नगरबाट भएका निर्णय, कामका प्रगती विवरणहरु नगर प्रवक्ता मार्फत सर्वजनिक गर्दै वेवसाइटमा राखिनेछ । <br> (२) मागमा आधारित एकीकृत घुम्ती सेवा मार्फत सबै नगरबासीलाई स्थानीय सरकार घरदैलोमा पुगेका अनुभूती दिलाइनेछ । <br> (३) सेवा प्रवाहमा गुणस्तर कायम गर्न कर्मचारी एवं जनप्रतिनिधिको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । <br> (४) कार्य सम्पादन प्रभावकारी बनाउन पदाधिकारीबाट कर्मचारीको कार्य सम्पादन सम्झौता बनाइनेछ । |

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | (५) योजना तथा बजेटलाई मध्यकालीन खर्च संरचनासँग जोड्न आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रवन्ध मिलाइनेछ ।<br>(६) दिगो विकासका लक्ष्यहरुसँग स्थानीय तहका नीति तथा कार्यक्रमको तादम्यता मिलाई बजेट तर्जुमा गरिनेछ ।<br>(७) नगरपालिकाको योजना बैंकको निर्माण गरी योजनाहरुको प्राथमिकीकरण गर्दै क्रमश: कार्यान्वयन गरिनेछ ।<br>(८) नगरपालिकाको सम्पूर्ण तथ्याङ्क संकलन गर्न डिजिटल ई-प्रोफाइल बनाइनेछ ।<br>(९) नगरपालिकाबाट प्रवाह गरिने सेवामा नगरबासीको पहूँच अभिवृद्धि गर्न नागरिक सहायता कक्ष, सूचना केन्द्र र कार्यालय परिसर भित्र फ्रि-वाईफाईको व्यवस्था गरिनेछ ।<br>(१०) सूचकमा आधारित अनुगमन तथा मूल्यांकन प्रणाली अवलम्बन गरी सार्वजनिक सेवाको गुणस्तर कायम गरिनेछ ।<br>(११) नगरपालिकाबाट हुने सम्पूर्ण भुक्तानी EFT प्रणाली मार्फत गरिनेछ ।<br>(१२) स्वदेशी तथा विदेशी शहरहरुसँग भगिनी सम्बन्ध विस्तार गरी असल अभ्यास तथा सफल अनुभव आदान प्रदान गरिनेछ ।<br>(१३) व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी पदाधिकारी, कर्मचारी र नगरबासीलाई सचेतना कार्यक्रम संचालन गरी सो सेवाका नगरबासीको तथ्याङ्कलाई अनलाईन मार्फत व्यवस्थापन गरिनेछ । |
| सहकारी तथा गैरसरकारी निकाय सँगको समन्वय | (१) गैर सरकारी संस्थाहरुबाट संचालन हुने कार्यक्रमलाई बजेटमा समावेश गरी कार्यान्वयन गर्ने प्रवन्ध मिलाइनेछ ।<br>(२) जिल्ला सहकारी संघ सँग समन्वय गरी सहकारी सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।<br>(३) सहकारी संघ संस्थालाई पूर्ण रुपमा डिजिटल बनाउन लेखा प्रणाली कोपोमिस सम्बन्धी थप तालिम दिइनेछ ।<br>(४) सहकारीहरुलाई एकिकरण गर्ने र निष्कृय अवस्थामा रहेका सहकारी संस्थाको पुन:संचालन गरिनेछ । |
| न्याय सम्पादन | (१) न्यायमा सरल र सहज पहूँचको स्थापना गर्दै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायिक समिति मार्फत न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।<br>(२) पदाधिकारी, कर्मचारी र नगरबासीलाई कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।<br>(३) समय सापेक्ष कानून तर्जुमा कार्यान्वयन र संशोधन गरी नगरपालिकाको न्यायमा सबैको पहुँच अभिवृद्धि गराइनेछ ।<br>(४) विद्यालयस्तर दुर्व्यसन नियन्त्रण कार्यक्रम संचालन गरिनेछ । |

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| विपद व्यवस्थापन | (१) विपद व्यवस्थापन कोषलाई प्रभावकारी बनाई विपद पूर्वतयारी तथा प्रतिकार्य योजना DPRP अनुसार उद्धार तथा राहत, रोकथाम, न्यूनीकरण एवं अनुकूलन कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ<br>(२) मनसुनजन्य पूर्व सूचना प्रणालीलाई व्यवस्थित बनाई पुनः स्थापना र पुनःनिर्माण कार्यको व्यवस्था गरिनेछ ।<br>(३) नगर विपद ऐन, कार्यविधिलाई समय अनुसार परिमार्जित गर्दै विपदमा परेका नागरिकको सहजै पहुँचको स्थापना गरिनेछ ।<br>(४) विपदजन्य कार्यक्रम, गोष्ठी, सेमिनार लगायत अन्य कार्यक्रम संचालन गरी नगरबासीलाई सचेतना अभिवृद्धि गरिनेछ ।<br>(५) जोखिम संवेदनशील भू-उपयोग नीति पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।<br>(६) क्षेत्र नम्बर १ का सबै पालिकाहरुसँग सहकार्य गरी आगलागी जन्य विपद घटनाको निम्ती दमकल खरिद गरिनेछ ।<br>(७) विपद व्यवस्थापनमा अन्य पालिकासँग समन्वय र सहकार्य गर्ने नीति लिइनेछ । |
| विद्युतिकरण एवं वैकल्पिक उर्जा | (१) बजार क्षेत्रलाई विद्युतीय पोल, टेलिकम र इन्टरनेटको तारलाई सम्बन्धित निकायसँग समन्वय गरी व्यवस्थित बजार क्षेत्रको सुन्दरता कायम गरिनेछ ।<br>(२) नगर भित्रका विद्युतीय नाङ्गो तारलाई विद्युत प्राधिकरणसँग सहकार्य गरी कालो तारको व्यवस्था गरी विद्युत चुहावट नियन्त्रणमा ल्याइनेछ ।<br>(३) नगरपालिकाको सार्वजनिक स्थानमा आवश्यकताको आधारमा शौचालय तथा सौर्य बत्ती राखिनेछ ।<br>(४) बजार क्षेत्रमा सडक बत्ती तथा सि.सि.टि.भि जडान गरी नागरिकलाई सुरक्षित महशुस गराइनेछ |
| श्रम रोजगार, तथा सुरक्षित वैदेशिक रोजगार ( सामी) परियोजना | (१) वैदेशिक रोजगारीबाट फर्केका नगरबासीको तथ्याङ्क संकलन गर्ने व्यवस्था मिलाइनेछ ।<br>(२) वैदेशिक रोजगार सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।<br>(३) वैदेशिक रोजगारीलाई निरुत्साहित गर्दै सुरक्षित, व्यवस्थित र मर्यादित बनाइने नीति लिइनेछ ।<br>(४) वैदेशिक रोजगारबाट फर्केर आएका जनशक्तिको सीपको पहिचान गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनेछ । |
| पर्यटन विकास | (१) पर्यटन प्रवर्द्धनको लागि मनोरन्जनात्मक स्थलहरु निर्माण गरी स्थानीय रोगजारीको सृजना गरिनेछ ।<br>(२) पर्यटकीय उपजको विकासमा स्थानीय स्रोत, साधन र उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>(३) नगरपालिकाको मूख्य-मूख्य बस्ती, सार्वजनिक स्थानहरुमा सोलार बत्तीको व्यवस्थापन गरी नगरको सौन्दर्यकरण गरिनेछ ।<br>(४) वडा नं. १ र २ को बीचमा नगरपालिकाको पाहुनाघर बनाउन अध्ययन गरिनेछ । |

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | (५) बाह्रबिसे बजारबाट दोलङसा कालिन्चोक पर्यटकीय सडक निर्माण गर्न प्रदेशसँग समन्वय गरिनेछ । |

**नगर सभाका सदस्यज्यूहरु,**

प्रस्तावित नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनबाट बाह्रविसे नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रले थप गतिशीलता प्राप्त गरी सामाजिक न्याय, समानता र समता कायम गर्दै लोकल्याणकारी राज्यको स्थापनामा योगदाना पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा नगरले अघि सारेको प्रस्तुत नीति तथा तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, बागमती प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, नगरका कर्मचारीहरु, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछौं ।

धन्यवाद !

**बालकृष्ण बस्नेत**
**नगर प्रमुख**